# मधुवन नगर पालिका
# नगर कार्यपालिकाको कार्यालय

सानोश्री, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल।

**मधुवन नगरपालिकाको विभिन्न वडाहरुमा रहेका साप्ताहिक हाटबजारहरुको ठेक्का दिने सम्बन्धि सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८३/०३/२४**

प्रस्तुत विषयमा नगर कार्यपालिकाको मिति २०८३/०३/१० गतेको निर्णय अनुसार यस नगरपालिका अन्तर्गत विभिन्न वडाहरुमा रहेका तपसिल बमोजिमका साप्ताहिक हाटबजारहरु आ.व. २०८३/०८४ को लागि बैठकी दस्तुर असुली ठेक्का आह्वान गर्नुपर्ने भएको हुँदा उक्त साप्ताहिक हाटबजारहरुको तपसिल बमोजिम दरमा ठेक्का बढाबढ प्रक्रियाबाट लिन ईच्छुक महानुभावहरुबाट बोलपत्र फाराम पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

| क्र.सं. | हाटबजारहरुको नाम ठेगाना | ठेक्का नं. | न्यूनतम अंक (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | कुसुम्बा साप्ताहिक हाटबजार, वडा नं.८ | ८५/२०८२/०८३ | १०५०९१७/ | |
| २ | रामनगर पशु हाटबजार, वडा नं. ५ | ८६/२०८२/०८३ | ३६१६००/- | |
| ३ | माचडचौक कृषि हाटबजार, वडा नं. ४ | ८७/२०८२/०८३ | ८५८८०/- | |
| ४ | ओराली कृषि हाटबजार, वडा नं. ३ | ८८/२०८२/०८३ | ५१९८०/- | |
| ५ | प्रगती कृषि हाटबजार, वडा नं. ७ | ८९/२०८२/०८३ | ४०६८०/- | |
| ६ | गंगाबस्ती कृषि हाटबजार, वडा नं. ७ | ९०/२०८२/०८३ | १५०००/- | |
| ७ | दशरतबस्ती कृषि हाटबजार, वडा नं. ७ | ९१/२०८२/०८३ | १५०००/- | |
| ८ | कुस्मीनिया कृषि हाटबजार, वडा नं. २ | ९२/२०८२/०८३ | १५०००/- | |

१. बोलपत्र फाराम रु. १०००/- (अक्षेरुपी एक हजार मात्र।) पछि फिर्ता नहुने गरी यस कार्यालयबाट सूचना प्रकाशन भएको मितिले ७औं दिन सम्म खरिद गर्न सकिनेछ ।

२. बोलपत्र फारम मिति २०८३।०३।३१ गते दिनको १२:०० सम्म दाखिला गरिसक्नु पर्नेछ ।

३. बोलपत्र फारम मिति २०८३।०३।३१ गते दिनको ३:०० प्रमुख प्रशासकीय अधिकृतको रोहवरमा खोलिनेछ ।

४. कबोल अंकको नेपाली नागरिक भए ५ प्रतिशत र विदेशी नागरिक भए १० प्रतिशतले हुन आउने रकम नेपाल बैंक लिमिटेड सानोश्री शाखा मधुवन नगरपालिकाको नाममा रहेको ग-३ स्थानीय धरौटी खाता नं. १५१०३०००००३००००००००१ मा जम्मा गरेको सक्कल भौचर संलग्न हुनु पर्नेछ ।

५. बोलपत्र फारम पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा त्यसको भोलिपल्ट लगतै कार्यालय खुलेको दिन सोहि समयमा पेश गर्न सकिनेछ र खोलिनेछ ।

६. प्रत्येक ठेक्का २०८४ असार मसान्त सम्मका लागि हुनेछ ।

७. अन्य शर्तहरु प्रचलित कानुन र सम्झौता बमोजिम हुनेछ ।

८. रित नपुगेको र म्याद नाघि आएको बोलपत्र मान्य हुने छैन ।

९. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार मधुवन नगरपालिकालाई हुनेछ ।

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner